विराटनगर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

विराटनगर,मोरङ

कोशी प्रदेश

नेपाल

प.सं.२०८१/०८२

च.न.

मितिः २०८२/१२/३१

**विषयः आधारभूत तह ( कक्षा-८) को नतिजा प्रकाशन सम्बन्धी सूचना ।**

श्री कक्षा ८ सञ्चालित विद्यालयहरू सवै

विराटनगर महानगरपालिका, विराटनगर ।

प्रस्तुत विषयमा मिति २०८१/१२/३१ गतेका दिन आधारभूत तह उत्तीर्ण ( कक्षा-८) परीक्षा व्यवस्थापन समितिको बैठकको निर्णायनुसार शैक्षिक सत्र २०८१ का लागि कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको आधारभूत तह (कक्षा ८ ) को योग्यता निर्धारण गर्नका लागि मिति २०८१/१२/०७ गते देखि ऐ. १७ गते सम्म सञ्चालन भएको आधारभूत तह उत्तीर्ण परीक्षाको नतिजा प्रकाशन देहाय अनुसार गरिएकाले सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

१. शैक्षिक सत्र २०८१ का लागि कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको आधारभूत तह (कक्षा ८ ) को योग्यता निर्धारण गर्नका लागि मिति २०८१/१२/०७ गते देखि ऐ. १७ गते सम्म सञ्चालन भएको आधारभूत तह उत्तीर्ण परीक्षाको नतिजा प्रकाशन गरिएको र विद्यालयले परीक्षाको नतिजा आफ्नो विद्यालयको emis.cehrd.gov.np मा log in गरी Manage exam गई Grade Ledger डाउनलोड गरी प्राप्त गर्ने तथा सो नतिजा सूचना पाटीमा टाँस गरी सार्वजनिक गर्ने।

२. विषयगत रूपमा सैद्धान्तिकतर्फ सम्पूर्ण विषयमा अवर्गीकृत (Non-Graded) ग्रेड ल्याएका विद्यार्थीहरूका लागि तपसील बमोजिम ग्रेड वृद्धि परीक्षा सञ्चालन गर्ने।

२०८१/१२/३१

# विराटनगर महानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**विराटनगर,मोरङ**
कोशी प्रदेश
नेपाल

प.सं.२०८१/०८२
च.न.

---

तपसिलः

१. ग्रेड बृद्धि परीक्षाको सम्पूर्ण व्यवस्थापन सम्बन्धित विद्यालयले नै गर्नु पर्ने ।

२. परीक्षार्थीले साविककै प्रवेशपत्रका आधारमा ग्रेड वृद्धि परीक्षामा सहभागी हुन पाउने ।

३. विद्यालयले सम्बन्धित विषयको विशिष्टिकरण तालिका बमोजिम प्रश्नपत्र तयार गरी ग्रेड वृद्धि परीक्षा सञ्चालन गर्नुपर्ने तथा सो परीक्षाको उत्तर पुस्तिका परीक्षण गरी विषय अनुसार छुट्टाछुट्टै लाहाछाप सहितको खाम भित्र प्रश्नपत्र, प्राप्ताङ्क र उत्तर पुस्तिका समावेश गरी शैक्षिक प्रशासान महाशाखामा बुझाउनु पर्ने। साथै उक्त परीक्षाका लागि केन्द्राध्यक्ष सम्बन्धीत विद्यालयको प्र. अ.नै हुने।

४. ग्रेड बृद्धि परीक्षा सम्बन्धित विद्यालयले मिति २०८२/०१/१५ गतेभित्र सञ्चालन गरी प्राप्ताङ्क यस महाशाखामा पेश गर्ने ।

३. आधारभूत तह उत्तीर्ण परीक्षा २०८१ को नतिजा उपर चित्त नबुझी पुनर्योग गराउन चाहने विद्यार्थीहरूले विषय, प्रवेश पत्रको प्रतिलिपि र हाल प्राप्त गरेको ग्रेड लेजर सहित सम्बन्धीत विद्यालयको सिफारिस संलग्न गरी मिति २०८२/०१/०७ गते सम्ममा प्रति विषय रु २०० (दुई सय मात्र) नगर शिक्षा कोषमा जम्मा गरी शैक्षिक प्रशासन महाशाखामा निवेदन दिनु पर्ने ।

२०८१।१२।३१
..............................
रामप्रसाद ढुङ्गेल
प्रमुख प्रशासकीय अधिकृत